आ.व. २०८२/८३
बैठक संख्या :२

आज मिति २०८२ साल भाद्र ३१ गते मंगलबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क्र सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४ | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | बालिका |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री सफल राई | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन तथा योजना शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |

भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

मनोज राई
अध्यक्ष

**प्रस्ताव नं. १ श्रद्धाञ्जली अर्पण सम्बन्धमा ।**

**निर्णय नं. १** २०८२ साल भदौ २३ र २४ गतेको Gen Z पुस्ताद्वारा आयोजित प्रदर्शनका क्रममा भएको दु:खद घटनाप्रति सहिदभूमि गाउँ कार्यपालिका, धनकुटा परिवार गहिरो शोक प्रकट गर्ने र उक्त घटनामा दिवङ्गत हुनुभएका सबैप्रति गाउँ कार्यपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो।साथै घाइते हुनु भएका सम्पूर्णमा शिघ्र स्वास्थ्यलाभको कामना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २ विद्यालय तथा कार्यालय विदा सम्बन्धमा ।**

**निर्णय नं. २** प्रस्तुत विषयमा २०८२ साल भदौ २३ र २४ गतेको Gen Z पुस्ताद्वारा आयोजित प्रदर्शनका क्रममा भएको दु:खद घटनाप्रति सहिदभूमि गाउँपालिका परिवार गहिरो शोक प्रकट गर्दछौं । यस घटनामा दिवङ्गत हुनुभएका सबैप्रति गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।साथै घाइते हुनु भएका सम्पूर्णमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै मिति २०८२।०५।२६ र २७ का दिन विद्यालयलाई दिइएको शोक विदा तथा सहिदभूमि गाउँपालिका वा अन्तर्गत सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थालाई अत्यावश्यक सेवा सञ्चालन हुने गरी मिति २०८२।०५।२५ का दिन दिइएको शोक विदालाई समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ जनप्रतिनिधिको चाडपर्व खर्च सम्बन्धमा ।**

**निर्णय नं. ३** सहिदभूमि गाउँपालिकाका जनप्रतिनिधिहरुलाई २०८२ सालको चाडपर्व खर्च भुक्तानी सम्बन्धमा छलफल गर्दा कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा ४ मा चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहको आन्तरिक तहको आन्तरिक

मनोज राई
अध्यक्ष

राजस्व र आम्दानीलाई विचार गरी गाउँ तथा नगरपालिकाको सदस्यले रु दश हजारमा नबढ्ने गरी कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउनेछ भनि व्यवस्था गरेको हुँदा २०८२ सालको बडा दशैको अवसरमा सहिदभूमि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई रु दश हजार चाडपर्व खर्च उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ४ स्वास्थ्य चौंकी खुला रहने सम्बन्धमा ।**

**निर्णय नं. ४** २०८२ सालको वडा दशै तथा तिहारको उपलक्ष्यमा सहिदभूमि गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य चौंकीहरु कार्यालय समय अवधिभर खुला रहने र उक्त विदाको अवधिमा कार्य गर्ने कर्मचारीहरुलाई सो अवधिभर सट्टा विदा दिने सर्वसम्मत निर्णय गरियो ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष